नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: २४२२

मिति: २०८३/०२/२३

विषयः बगरखोला जलविद्युत आयोजनाको ३३ के.भी विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री मोना हाइड्रोपावर लिमिटेड.
टोखा नगरपालिका-०९, काठमाण्डौ, नेपाल।
सम्पर्क नं.: ९८६२२०७४०७

प्रस्तुत विषयमा तँहाबाट बगरखोला जलविद्युत आयोजनाको ३३ के.भी विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको माग गरी मिति २०८३/०१/०४ (द.नं. ८२५२) मा पेश भएको दरखास्त उपर कारबाही हुँदा विधुत विकास विभाग अनुमतिपत्र महाशाखाको मिति २०८३/०१/१०(च.नं. २०३४) बमोजिम माग भएका सम्पुर्ण विवरण/कागजातहरू ३५(पैतीस) दिन भित्र पेश नगरेकोले पेश नभएका तपशिल बमोजिमका कागजात/विवरणहरू १५(पन्ध्र) दिनभित्र यस विभाग समक्ष पेश गर्न मिति २०८३/०२/२२ को विभागीय निर्णयानुसार जानकारी गराइन्छ।

तपसिल

१. विधुत नियमावली २०५० को नियम ५ अनुसुची-३ बमोजिमको ढाँचामा दरखास्त।
२. नियमावलीको नियम ५ बमोजिमका विवरणहरू (प्रसारण लाइनको कुल लम्बाइ, भोल्टेजको स्तर र क्षमता, अधिक्तम लोड तथा ग्राहकको किसिम अध्धयन कार्य गर्न लाग्ने अनुमानित खर्चको विस्तृत लागत, विस्तृत अध्धयन सम्पन्न गर्न लाग्ने समय, सुरुको दुई वर्षभित्र अध्ययन सम्पन्न गरिने कार्ययोजना सहितको कार्यतालिका)
३. कम्पनी अध्यावधिक भएको व्यहोराको पत्रको प्रमाणित प्रतिलिपिहरू।
४. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण(यस सम्बन्धमा सञ्चालक समितिको निर्णय, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर(कार्यलय र निवास), मोबाइल नम्बर, फ्याक्स नम्बर, पोस्टबक्स नम्बर तथा ईमेल)
५. प्रस्तावित प्रसारण लाइनको सम्भाव्यता अध्धयनको लागि परामर्शदाता संस्था संग भएको सम्झौता पत्र तथा परामर्शदाताको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र र नियमावली, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू।
६. प्रस्तुत विधुत प्रसारण लाइनको प्राविधिक विषलेशण सहितको डेस्क स्टडी प्रतिवेदन।
७. टोपोनक्सामा विधुत प्रसारण लाइनको प्रारम्मभिक रूट-नक्सा ( प्रस्तावित मुख्य प्रसारण लाइन साथ वैकल्पिक लाइन समेत देखिने)

(अरविन्द कुमार कर्ण)
इन्जिनियर